**मिति : २९ फागुन २०८१**

**श्रीमान सम्पादक ज्यु**

**अर्थ वजार डटकम**

**बिषय :  समाचार खण्डन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा मिति २०८१ फागुन २७ गते मङ्गलबार 'पत्रकारका नेता कि बिचौलिया ? समाचार रोक्न भन्दै लिएको पैसामा पत्रकार महासङ्घ सुनसरी अध्यक्षलाई भागबण्डा'  शीर्षकको समाचारमा मेरो नाम जोडिएको विषयपप्रति गम्भीर ध्यानाकर्षण भएको छ। समाचारमा भनिए जस्तो लेनदेन तथा विचौलिया गर्ने कार्यमा मेरो संलग्नता कहींकतै नभएको जानकारी गराउन चाहन्छु।  कसैको आग्रह पूर्वाग्रहमा लेखिएको समाचारको सत्यतथ्य बुझेर समाचार लेख्न र म माथि  लगाइएको आरोप पुष्टी गर्न चुनौती दिन चाहन्छु।

साथै यो समाचारमा भनिए जस्तो पीडित तथा पीडकसँग मेरो कुनै सरोकार, चिनजान र सम्पर्क समेत नभएको जानकारी गराउन चाहन्छु । उक्त समाचारमा पत्रकार रश्मी प्रधानलाई समाचार नलेख्नका लागि म सन्तोष काफ्लेले पटक पटक दबाव दिएको भन्ने कुरा पनि सरासर गलत र झुटा कुरा हो । यो विषयमा मैले कोही कसैलाई अहिले सम्म नलेख्न वा रोक्न कुनै दवाव दिएको छैन । यो समाचार सरासर मेरो चरित्रहत्या गरि मलाई  वद्नाम गराउने उद्येश्यले नियोजित ढंगवाट प्रकाशित भएको स्पष्ट छ । मेरो चरित्र ह्त्या गरि भ्रामक समाचार प्रकाशित गर्ने अनलाईनको तर्फवाट मलाई कोही कसैले सम्पर्क समेत गरेको छैन । अर्थबजार अनलाइनका कुनै पनि पत्रकार तथा प्रतिनिधिले मलाई कुनै खालका प्रतिक्रिया नलिएको जानकारी गराउन चाहन्छु । पत्रकारहरुले समाचार लेख्नु अघि पत्रकारिताको आचार संहीता पालना गर्नु पर्ने हुन्छ । तर, यो समाचार कसैको उक्साहटमा नियोजित रुपमा लेखिएको हुँदा खण्डन गर्न चाहान्छु । यो बिषय  मलाई हिमालय टाइम्सका पत्रकार हुँ भन्दै सरोज पौडेलले ९७०४५०९१९० नम्बरबाट फोन गरी बुझ्ने काम गरेका थिए । ति व्यक्ती हिमालय टाइम्स आवद्ध नभएको र समाचार प्रकाशित भए पछि सम्पर्कमा समेत नआएको कारण यो समाचार सरासर गतल र भ्रामक भएको पुष्टि हुन्छ । यो समाचार हिमालय टाइम्समा नआई अन्य अनलाइनमा प्रकाशित हुनुले पनि पुष्टिहुन्छ की यो कसैको उक्सहटमा व्यत्तिगत चरित्र हत्या गर्ने उद्येश्यले लेखिएको हो । साथै अनलाइनमा प्रकाशित हुनु अगावै arthatimes@gmail.com बाट धेरै मानिसहरुको इमेलमा समाचार पठाई साइबर अपराध जस्तो गम्भीर प्रकृतिको अपराध गरिएको देखिन्छ।  मेरो र म आवद्ध पत्रकार महासंघ सुनसरीलाई समेत  बदनाम गर्ने नियतले उक्त अनलाइनले विना आधार प्रमाण लेखिएको समाचार नियोजित हो भन्ने मेरो ठहर हो । म विगत २२ बर्ष देखी निरन्तर पत्रकार आचार संहिताको पुर्ण पालना गर्दै निश्पक्ष पत्रकारीता गर्दै आएको छु । मैलै स्थानीय पत्रपत्रिका रेडियो हुँदै न्युज २४ टेलिभिनिको अर्थ न्युज टेलिभिजन, ग्यालेक्सी टिभी हुदै हाल हिमालय टिभी र दि हिमालयन टाइम्समा काम गर्दै आइरहेको छु । स्थानीय पत्रिकाहरुको सम्पादन गर्दै टेलिभिजको पुर्वाञ्चाल हुदै प्रदेश ब्युरो प्रमुख समेत काम गरेको अनुभव समेत रहेको छ। मैले सुरुवात देखीनै निश्पक्ष पत्रकारीता

गर्दै आएको छु । पत्रकारीता पेसाबाट अहिलेसम्म कहिँकतैबाट अनुचित लाभ नलिएको स्पष्ट पार्न चाहान्छु । समाचार प्रकाशन गर्दा त्यसको आधारहरु पुष्टि गर्ने दायित्व स्वयम समाचार लेख्नेको हुने पत्रकारिताको सिद्धान्त रहेकाले तपाईंको अनलाईले लेखेका समाचारहरुको आधार र प्रमाण पुष्टि गर्न आग्रह गर्दछु ।

**सन्तोष काफ्ले**

**अध्यक्ष**

**नेपाल पत्रकार महासंघ सुनसरी**

**९८५२०२३५५५**